“भन : (ला इलाह इल्लल्लाहु वह् -दहू ला शरीक लहु , अल्लाहु -अक्बर कबीरा , वल्हम्दु -लिल्लाहि कषीरा , सुब्हानल्लाहि रब्बिल -आलमीन्, ला हौल वला कुव्वत इल्ला बिल्लाहिल -अजीजिल-हकीम) ।

साअ्द (रजियल्लाहु अन्हु) ले बयान गरेका छन् , एक गाउँले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) कहाँ आयो र भन्यो : मलाई केही जिक्र (प्रार्थना) हरू सिकाउनुहोस् , जुन म पढ्न सकूँ । उहाँले भन्नुभयो : “भन : (ला इलाह इल्लल्लाहु वह् -दहू ला शरीक लहु , अल्लाहु -अक्बर कबीरा , वल्हम्दु -लिल्लाहि कषीरा , सुब्हानल्लाहि रब्बिल -आलमीन्, ला हौल वला कुव्वत इल्ला बिल्लाहिल -अजीजिल-हकीम) ।" उसले भन्यो : यी शब्दहरू त मेरा पालनकर्ताका लागि भए, अनि मेरो लागि चैँ ? उहाँले भन्नुभयो : "भन:(अल्लाहुम्मग् -फिर्ली , वर् -हम्नी , वह्दिनी वर्जुक्नी) ।"

[सही] [मुस्लिमले वर्णन गरेका छन्]

गाउँबाट आएका एक सहाबीले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) लाई केही जिक्रहरू सिकाउन आग्रह गरे । रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो : भन : "ला इलाह इल्लल्लाहु वह् -दहू ला शरीक लहु । " उहाँले तौहीद (एकेश्वरवाद) को गवाही बाट सुरु गर्नुभयो , जसको अर्थ हो : 'अल्लाह बाहेक कोही सत्य पूज्य छैन । ' "अल्लाहु -अक्बर कबीरा " अर्थ : अल्लाह सबै भन्दा महान र ठूलो हुनुहुन्छ । "वल्हम्दु -लिल्लाहि कषीरा " अर्थ : अल्लाहका गुणहरू , कार्यहरू र उहाँका अनगिन्ती आशीर्वादहरूका लागि धेरै प्रशंसा छन्। "सुब्हानल्लाहि रब्बिल -आलमीन्" अर्थ : उहाँ हरेक कमी -कमजोरी र त्रुटिबाट पवित्र हुनुहुन्छ । "ला हौल वला कुव्वत इल्ला बिल्लाहिल -अजीजिल-हकीम" अर्थ : अल्लाहको सहयोग , कृपा र इच्छाबिना एक अवस्थाबाट अर्को अवस्थामा परिवर्तन हुन सम्भव छैन। यो सुनेर गाउँलेले भन्यो : यी शब्दहरू त मेरा रबको स्तुति र महिमाका लागि भए , मैले चैं आफ्नो लागि के दुआ (प्रार्थना) गरुँ ? रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो : भन : "'अल्लाहुम्मग् -फिर्ली " हे अल्लाह ! मेरा पापहरूलाई मेटिदिनुहोस् र मेरा पापहरु कसैलाई थाहा नहोस् , र हे अल्लाह ! मलाई क्षमा गरिदिनुहोस् । "वर् -हम्नी " मलाई धार्मिक र सांसारिक लाभहरू प्रदान गरेर ममाथि दया गर्नुहोस् । "वह्दिनी " मलाई उत्तम अवस्था र सीधा मार्गतर्फ मार्गदर्शन गर्नुहोस् । "वर्जुक्नी " मलाई धन, सुस्वास्थ्य र सबै प्रकारका भलाइ प्रदान गर्नुहोस् ।

http://www.sunnah.global/hadeeth/ne/show/6112